# दलित सशक्तिकरण ऐन , २०८०

**दार्मा गाउँपालिका, सल्यान**
**कर्णाली प्रदेश**
**नेपाल**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड -७, सङ्ख्या : ०२ मिति : २०८०/११/२४

# भाग -१

# दार्मा गाउँपालिका

सभाबाट पारित मिति : २०८०/११/१९

प्रमाणीकरण मिति : २०८०/११/२४

**प्रस्तावनाः**

दलित समुदायमाथि सदियौ देखि हुँदै आएका जातिय छुवाछुत, भेदभाब, हिंसा, अपमान, घृणा, बहिष्करण, शोषण तथा असमानताले दलित समुदाय राष्ट्रिय मुलप्रवाहिरण हुन नसक्दा समतामूलक र सम्बृद्ध समाजको निर्माण हुन नसकेको यथार्थलाई स्वीकार गर्दै मौलिक हक लगायत संविधानको विभिन्न भागमा रहेका ब्यस्थालाई अक्षरस पालना गर्दै दलित समुदायको समयानुकुल विकास, सशक्तिकरण गर्न र छुवाछुतमुक्त पालिका बनाउदै समतामुलक समाज निर्माण गर्न नेपालको संबिधान २०७२ को धारा २२६ र स्थानीय सरकार

सञ्चालन ऐन २०७४ को  दफा १०२ ले दिएको अधिकार प्रयोग गरी “दलित सशक्तीकरणविधेयक २०८०”दार्मा गाउँपालिकाको १३ औं सभाबाट स्वीकृत गरी लागू गर्नको लागि पेश गरिएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

**१.संक्षिप्त नाम, प्रारम्भः**

१) यस विधेयकको नाम “दलित सशक्तिकरण विधेयक२०८०” रहने छ।

२) यो विधेयक दार्मा गाउँपालिकाको गाउँसभावाट पारित भएपछि लागु  हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क) “विधेयक” भन्नाले दार्मा गाउँपालिकाको स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार तयार गरेको दलित सशक्तिकरण विधेयक २०८० सम्झनु पर्दछ।

ख) “दलित” भन्नाले राष्ट्रिय दलित आयोगले सूचिकृत गरेका जातजाती तथा सुचिमा नपरेकाको हकमा सम्बन्धित स्थानिय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनि प्रमाणित जातीलाई सम्झनु पर्दछ।

ग) “सांस्कृतिक पहिचान” भन्नाले दलित समुदायको पेशा तथा सिप, कला र क्षमताको पहिचानलाई सम्झनु पर्दछ।

घ) “समिति” भन्नाले जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समिति र सशक्तिकरण समितिलाई सम्झनु पर्दछ।

ङ) “सरोकारवाला” भन्नाले दलित हक तथा अधिकार प्रवद्र्धनमा प्रत्यक्ष भूमिका देखिने जनप्रतिनिधि, सरकारी कार्यालय, गैर  सरकारी कार्यालय, दलित गैर सरकारी कार्यालय तथा नागरिक समाज  सम्झनुपर्दछ।

च) “सहयोगी संस्था” भन्नाले दलित हक तथा अधिकार सम्बन्धि कार्य बिधि अनुरुप प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने ब्यक्ति, संस्था वा संगठनलाई सम्झनुपर्छ।

छ) “सशक्तिकरण” भन्नाले नीतिगत रुपमा समग्र दलित समुदायको  राजनैतिक, आर्थिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको चौतर्फी बिकासका लागि गरिने क्रियाकलापलाई सिपमूलक,आय मूलकर प्रवद्र्धनात्मक क्रियाकलापलाई जनाउने छ।

ज)  “गाउँपालिका” भन्नाले दार्मा गाउँपालिकालाई सम्झनुपर्दछ।

झ)  “जातीय भेदभाब तथा छुवाछुत” भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाब (कसुर  र सजाय) ऐन २०६८ को दफा ४  बमोजिमको कार्य सम्झनुपर्छ।

**३.उद्धेश्यः**

क) समाजमा विद्यमान जातीय विभेद तथा छुवाछुत अन्त्य गर्न नेपालको संविधान  २०७२ मा भएका दलित सम्बन्धि व्यवस्थाको कार्यान्वयन गर्ने गराउने।

ख) समुदायको पहिचान, उत्थान, विकास र अधिकारका सवालमा दार्मा गाउँपालिकाको भूमिका

र योजना निर्दिष्ट गर्ने ।

ग) जातीय विभेद तथा छुवाछुत  विरुद्ध अभियान सञ्चालन गर्दै दार्मा गाउँपालिकाल छुवाछुतमुक्त गाउँपालिका घोषण गर्ने ।

## परिच्छेद – २

**४. जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समितिः**

(१) जातीय विभेद तथा छुवाछुत घटनाहरुको अध्ययन, अनगमन र जातीय विभेद तथा छुवाछुत सम्बन्धी नीति तथा कानूनको कार्यान्वयन, रेखदेख, नियन्त्रण, सुपरिवेक्षण, अनगुमन र सशक्तिकरणका लागी गाउँउपालिक स्तरमा एक जातीय विभेद तथा छुवाछुत अनगुमन तथा सशक्तिकरण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ग) कार्यपालिका सदस्यमयेवाट दलित महिला सदस्य | सदस्य |
| घ) इलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**५. समितिको काम, कर्तब्य र अधिकारः** (१)दफा (४) वमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) जातीय छुवाछुत र भेदभाव तथा अपमानजन्य व्यवहारसम्बन्धी घटनाको अनगुमन गरी कानूनी कारबाहीको लागी सम्वन्धित निकायलाई प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यक निर्देशन दिने,

ख) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ अनुसार फैसला भएका मद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गरी शीघ्र कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ग) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग, सहजीकरण गर्दै अभियान संचालन गर्ने,

घ) जातीय छुवाछुत तथा भेदभावको अवस्थाको जानकारी लिने र छुवाछुत तथा विभेद भएको पाइएमा छुवाछुतबाट पीडत व्यक्तिको  परिवारलाई सामाजिक सुरक्षा र क्षतिपूर्तिको व्यवस्था गर्ने  गराउने,

ङ) दलितको हक अधिकार संरक्षण र हित प्रवद्र्धनका लागी गाउँपालिका स्तरीय कार्यक्रम गर्ने

च) अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्न रकमको व्यवस्था मिलाउने,

**६. सशक्तिकरण समितिः**

१) दलित समुदायको सशक्तिकरणका लागी दलित अधिकारको क्षेत्रमा क्रियाशील तथा विज्ञ

व्यक्तिहरु समावेश हुने गरी दलित समुदायको समावेशीतालाई मध्यनजर गर्दै दलित सशक्तिकरण समिति गठन गरिनेछ।

२. उपदफा (१) वमोजिम गठन हुने सशक्तिकरण समितिमा देहाय वमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन।

क) कार्यपालिका सदस्यरुमयेवाट दलित सदस्य — संयोजक

ख) दलित जनप्रतिनिधिहरु मध्येबाट कम्तीमा एक जना महिला सहित २ जना — सदस्य

ग) पालिका स्तरीय दलित संजालका अध्यक्ष — सदस्य

घ) दलित अधिकारका सवालमा काम गर्ने सरकारी/ गैरसरकारी संस्थाबाट कम्तीमा एक जना महिला सहित २ जना — सदस्य

ङ) नागरिक समाजका अगुवाहरु मध्येबाट १ जना — सदस्य

च) दलित समुदाय भित्रका अपाङगता भएका ब्यक्ति /जेष्ठ नागरिकहरु मध्येबाट १ जना — सदस्य

छ) महिला बालबालीका तथा सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिब

३. उपदफा (१) वमोजिमको समितिको कार्य सञ्चालनका लागि गाउँपालिकामा एक शाखाको स्थापना गरिनेछ।

७. **समितिको काम, कर्तब्य र अधिकारः** उपदफा (१) बमोजिम समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) दलित समुदायको शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक वा समग्र विकासका लागी कार्यक्रम, योजना र बजेट निर्माण गरी स्वीकृतीका लागि कार्यपालिकामा पेश गर्ने।

ख) दलित समुदायको हक, हित तथा वृहत्तर विकासका लागी राष्ट्रिय दलित आयोग तथा विभिन्न सरोकारवालाहरुसँग नियमित छलफत तथा अन्रतक्रिया गर्ने।

ग) जातीय विभेद तथा छुवाछुत अन्त्यका लागी गाउँपालिकाको सम्पूर्ण वडामा वार्षिक रुपमा अभियान संचालन गर्ने।

घ) दलित समुदायको हक,हित र संरक्षणका लागी गाउँपालिका स्तरमा प्रचार प्रसार र पैरवी गर्ने।

ङ) दलित समुदायको अपमान हुने खालका व्यक्ति र गाउँका नाम जनाउने शब्द तथा उखानलाई निरुसाहित गर्न संचार माध्यममा तथा सामाजिक रुपमा अभियान संचालन गर्ने।

च) दलित समुदायमाथि हुने जातीय विभेद तथा छुवाछुतका घटनामा संलग्नलाई कानुन अनुसार कार्वाही गराउन सहयोग गर्ने, गराउने।

छ) सरकारी वा गैर सरकारी क्षेत्रवाट दलित समुदायको हक संरक्षण, हित प्रवद्र्धनका लागी

सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने ।

ज) छुवाछुतवाट पीडित व्यक्ति, परिवारसँग समन्वय गरि दोषीलाई प्रहरी समक्ष मुद्दा दर्ता गर्न सहजीकरण गर्ने ।

झ) जातीय विभेद तथा छुवाछुतवाट पीडित व्यक्ति वा परिवारलाई सामाजिक सुरक्षा लगायत क्षतिपूतिको व्यवस्था गर्ने, गराउने ।

ञ) जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि नीतिगत विषयमा स्थानीय सरकारलाई सल्लाह र सुझाव दिने ।

ट) जातीय विभेद तथा छुवाछुतको अवस्थाको वारेमा नियमित अनुगमन गर्ने, गराउने र छुवाछुतका घटनाको वार्षिक प्रतिवेदन जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समितिमा पेश गर्ने ।

ठ) वडा कार्यालयसँगको समन्वयमा पालिका भित्रका दलित समुदायको तथ्याड्ढ संकलन तथा दर्ता अद्यावधि गर्ने ।

ड) यस ऐन अनुसार भए गरेका कामको आबधिक प्रतिबेदन बनाई निर्देशन समितिमा पेश गर्ने

ढ) पालीका अन्तर्गतका सरकारी निकायको योजना तथा बजेट समाबेशी समानुपातिक बनाउन सहजीकरण गर्ने ।

८. **समितिको बैठक र निर्णयः** दफा ४ र ६ बमोजिम गठित समितिको बैठक र निर्णय सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः-

क) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बैठक बोलाउनेछ र बैठकको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा तीन दिनअघि सदस्यहरुलाई एजेण्डा सहितको सूचना दिने,

ख) बैठकको अध्यक्षता अध्यक्षले गर्ने र निजको अनपुस्थितिमा सदस्यहरुले आफूहरु मध्येबाट छानेको कुनै एक जनाले बैठकको अध्यक्षता गर्ने,

(ग) समितको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिने ।

(घ) समितिको बैठक बर्षको कम्तीमा चार पटक बस्नुपर्नेछ तर समितिका एक तिहाई सदस्यले उचित कारण खुलाई बैठक बोलाउन अनुरोध गरेमा खण्ड (क) बमोजिम सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(ङ) बैठकमा बहुमतको पारित निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(च) सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्ने ।

(छ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## **परिच्छेद – ३**

**९.दलित सशक्तिकरणमा दार्मा गाउँपालिकाको भूमिकाः** (१)दलित सशक्तिकरणका लागि दार्मा गाउँपालिकाको भूमिका देहाय बमोजिम रहनेछ ।

**१) सामाजिक सबलीकरण कार्यक्रमः**

१.१ जातीय भेदभाब तथा कसुर र सजाय ऐन २०६८ मा ब्यबस्था र साबधानीका बिषयमा संचार माध्यमबाट सुचना प्रसारण गर्ने ।(रेडियो, टेलिभिजन तथा पत्रपत्रिका)

१.२. दार्मा गाउँपालिका र मातहतका कार्यालयबाट हुने कार्यक्रममा जातीय भेदभाब तथा छुवाछुत कसुर र सजाय ऐन सम्बन्धि बिषय समाबेश गराउने ।

१.३. सरकारी कार्यालय, विद्यालय, सार्बजनिक स्थान, सरकारी र नागरिक संघ संगठन, संस्था, औद्योगिक कम्पनीका कार्यालयमा जातीय बिभेद तथा छुवाछुतको ब्यबहारलाई निरुत्साहित गर्ने खालका संन्देश लेखी सबैले देख्ने ठाउमा राख्ने ।

१.४. स्थानिय जनप्रतिनिधि,दलित समुदायको पक्षमा क्रियासिल सामाजिक अभियन्ताहरुले आफु सहभागी भएको सार्बजनिक कार्यक्रमहरुमा जातीय बिभेदको बिषयमा दार्मा गाउँपालिकाले लिएको कदमको विषयमा धारणाहरु राख्ने ।

१.५.जातीय विभेदतथा छुवाछुतका विरुद्धमा बिद्यालय,क्याम्पस तथा सार्बजनिक निकायमा कार्यक्रमहरु आयोजना गर्ने ।

१.६. टोल बिकास संस्था, शिक्षक, पण्डित, धर्मगुरु,सेवा प्रदायक कार्यालयका कर्मचारी, नेपाल प्रहरी सबै सरोकारहरुलाई जातीय भेदभाब तथा कानूनी सचेतना सम्बन्धि जानकारी वा अभिमुखिकरण गराउने ।

**२) दलित मैत्री निति, कार्यक्रम, बजेटमा प्राथमिकताः**

दलित मैत्री निति , कार्यक्रम, बजेटका लागि स्थानीय सरकारले पुँजीगत वजेटको २ प्रतिशत अनिवार्य विनियोजन गर्ने ।

**३) सामाजिक ब्यबहार सुधार अभियानः**

३.१.जातीय बिभेदलाई प्रोत्साहन गर्ने खालका गतिबिधिको अन्त्य तथा सुधारमुलक कार्य गर्ने

३.२.दलित समुदायका पेशा, सांस्कृतिक मान्यताहरु सबैका लागि स्वीकार्य हुने गरी सुधार गर्ने ।

३.३.दलित समुदायमा स्वास्थ्य,शिक्षा तथा सरसफाई सम्बन्धि ब्यबहारिक रुपमा सुधार ल्याउन अभियान संचालन गर्ने ।

३.४.घरेलु हिंसा, अन्धविश्वास,कुरीती र कुसंस्कार, महिला माथि हुने हिंसा, बालश्रम, बाल हिंसामा कमी ल्याउन समुदाय स्तरका योजना निर्माण बनाई कार्यान्वयन गर्ने ।

३.५. दलित बस्ती वा समुदायहरुलाई हिंसारहित समाजमा रुपान्तरण गर्ने ।

**४) जातीय भेदभाव तथा छुवाछुत रहित स्थान घोषणाः**

४.१. सरकारी तथा गैर सरकारी कार्यालय,सार्बजनिक स्थान र टोल बिकास संस्थाहरुलाई छुवाछुत मुक्त स्थान घोषणा गर्ने ।

४.२.पालिकाभित्र सहभोज, अन्तरजातिय विबाह जस्ता कार्यलाई प्रोत्साहन तथासम्मान गर्ने ।

४.३. दार्मा गाउँपालिकालाई छुवाछुत मुक्त पालीका  घोषणाका लागि सुचक तयार गरी लागु गर्ने ।

४.४. दार्मा गाउँपालिकालाई छुवाछुत मुक्त पालीका  घोषणाका गर्नका लागि टोल वडा हुदै अन्त्यमा पालिका घोषणा गरिने छ ।

४.५. यसरी घोषण भएका टोलमा स्थानीय सरकार, वडा सरकारले सकारात्मक विभेदको मर्म अनुरुप बिशेष प्राथमिकतां राखी सरकारी सेवा सुबिधाको सहुलियत दिने ।

**५) आर्थिक सबलीकरण कार्यक्रमः** दार्मा गाउँपालिकाले दलित समुदायको उत्थानका र अधिकारका सवालमा सहयोगी हुने गरी आयमूलक काम तथा जिबिको सुधारका योजना बनाई कार्यान्वयन गर्ने छ । जस अन्तर्गत निम्न कार्यहरु गरिने छन ।

**५.१ परम्परागत सीप परीक्षण योग्यता निर्धारणः** दलित समुदायका ब्यक्तिहरुमा पुख्यौली रुपमा प्राबिधिक क्षमता भएको तर त्यसको परिक्षण र प्रमाण पत्र नहुदा उनीहरुको पेशा र जिबीका जोखिममा पर्ने खतरा भएकोले सिटिईभिटी वा साना तथा घरेलु उद्योग कार्यालयको सहकार्यमा दलित समुदायका परम्परागत सीप (घर बनाउने, काठको सामाग्री बनाउने, कृषि औजार बनाउने, छालाका सामाग्री बनाउने, गरगहनाबनाउने, बाजा बनाउने, कपडा सीउने लगाएत अन्य सिपका लागि) कामको परिक्षण बनाई प्रमाणपत्र उपलब्ध गराउने ।

**५.२ सिपको आधुनीकरणः** अधिकांस दलित परिवारमा परम्परागत सिप नै जिबीकोपार्जनको आधार भएको र त्यसलाई आधुनिकरुपमा विकास गरी थप उत्पादनसिल वा मुल्यबान बनाउनु आबश्यक भएकाले सम्भाबित उद्यम र रोजगारीका अबसर पहिचान गरी प्राथमिकता क्रममा सिप विकास तालिम संचालन, तर उन्नतीका लागि पुँजी र बजारीकरण सहज पहुँच बढाउन सहयोग गर्ने ।

**५.३ उर्जा र प्रबिधिमा सहयोगः** कृषि र भौतिक निर्माणसंग सम्बन्धित सिपको माग बढदो क्रममा रहेको र बिद्यमान सीप तथा सैलीबाट अबको माग पुरा गर्न, पेशा ब्यबसाय गर्न र पेशावाल ब्यक्तिको जिविको धान्न कठीन हुदै गएकाले पेशालाई आधुनिक प्रबिधि मैत्री बनाउन आधुनिक मेसिन खरिद, बिद्युत, उर्जा जडान,उद्यम स्थल निर्माण जस्ता कार्यमा सहयोग पुर्याउने ।

**५.४) उद्यमका लागि सहजिकरणः** दलित समुदायमा भएका सिप र कलालाई  बैधानिक प्रकृया मार्फत ब्यबस्थापन गर्न उनीहरुलाई परम्परागत सीप र कलामा आधारित

उद्यम (कृषि औजार निर्माण उद्योग,सिलाई उद्योग, काष्ठ उद्योग, भबन निर्माण फर्म, सास्कृतिक समुह) दर्ता र सो ब्यबसायीकरणमा सहयोग गर्ने।

५.५ माथि उल्लेखित ब्यबसायमा सहुलियतका दार्मा गाउँपालिकाले सीप सिक्न, उद्यम संचालन गर्न र प्राबिधिक सहयोग उपलब्ध गराउनका लागि सुचना प्रकाशित गरी निबेदन आह्वान गर्नेछ।

५.६ प्राप्त निबेदनको आधारमा उपयुक्त ब्यक्ति वा समुह छनौट गरी उद्यम योजनाको आधारमा सहयोगकोसीमा निर्धारण गर्नेछ।

५.७ तालिम, उर्जा, प्रबिधि सहयोग तथा उद्यम दर्ताको लागि दार्मा गाउँपालिकाले छुट्टाछुट्टै फारम उपलब्ध गराउने छ।

५.८ निबेदन छनोटका लागि दार्मा गाउँपालिकाले सम्बन्धित विषयका अनुभबी र विज्ञ ब्यक्तिहरुको सहभागितामा छनोट समिति निर्माण गर्ने छ।

**६.<u>शिक्षामा प्रोत्साहनः</u>**

(१) अन्य समुदायको तुलनामा शिक्षामा कम पहुँच भएको दलित समुदायका लागि शिक्षा आर्जनका अबसर सृजना गर्नेछ। यसका लागि निम्न प्रकृया अबलम्बन गरिने छ।

क) दलित समुदायलाई उच्च शिक्षा तह सम्म निशुल्क शिक्षा प्रदान गर्ने।

ख) उत्कृष्ट तथा न्युन आर्थिक अबस्था भएका बिद्यार्थीहरुलाई उच्च शिक्षाका लागि पुर्ण छात्रबृती प्रदान गरिनेछ।

ग) अति बिपन्न दलित बिद्यार्थीहरुलाई प्राबिधिक शिक्षामा पुर्ण छात्रबृति सेवा प्रदान गरिनेछ।

घ) सामुदायीक साक्षरता अभियान संचालन गरी प्रौढहरुलाई साक्षर गराउने।

ङ) सामुदायिक बिद्यालयमा एक चौथाई दलित शिक्षकको ब्यबस्था गर्ने।

च) दलित समुदायका बिद्यार्थीहरुले लोकसेवा तयारी कक्षाहरुकालागि पालिका भित्र संचालित सरकारी वा गैर सरकारी शिक्षण संस्थाहरुले लिईने शुल्कमा सहुलियत दिनु पर्नेछ।

छ) स्थानीय पाठ्यक्रममा जातीय भेदभाव तथा छुवाछुत विरुद्धका पाठ्यवस्तुहरु समावेश गर्ने।

ज) दलित विद्यार्थीहरुको पहुँच तथा सिकाइमा गुणस्तर अभिवृद्धिका लागि पालिकाले आवश्यक कार्ययोजना निर्माण गर्ने।

झ) संघ/प्रदेश सरकारबाट संचालित पढ्दै कमाउँदै कार्यक्रममा दलित विद्यार्थीहरुको सहभागितालाई प्राथमिकता दिने।

२) यस कार्यलाई ब्यबस्थित र नतिजामुलक बनाउन तथा छात्रबृतिका लागि बिद्यार्थी छनोट गर्न दार्मा गाउँपालिकाले निम्न मापदण्ड अपनाउने छ।

क) बिद्यार्थी र अभिभाबकको अबस्था बुझ्न भर्ना अभियानमा जनप्रतिनिधिहरु परिचालन तथा अनुगमन गर्ने ।

ख) संस्थागत विद्यालयमा कानुन वमोजिम १० प्रतिशत छात्राबृति उपलब्ध गराउने ।

ग) आबधिकरुपमा बिद्यालयबाट उत्कृष्ट दलित बिद्यार्थीहरुको शैक्षिक प्रगति तथा अनुशासनको अनुगमन गर्ने ।

घ) परिक्षामा विद्यार्थीले ल्याउने अंक र विद्यालयको बिद्यार्थी मुल्याङनको दस्ताबेजीकरण गर्ने ।

ङ) बिद्यालयमा हुने जातिय विभेदलाई शुन्य सहनसिलता अपनाउने ।

**७. <u>स्वास्थ्यः</u>**

१) अन्य समुदायको तुलनामा दलित समुदायको विपन्नताका कारण स्वास्थ्यमा कम पहुँच भएकाले उनीहरुको  स्वास्थ्यमा ध्यान दिनका लागि निम्न प्रकृया अबलम्बन गर्ने ।

क) गरिब विपन्न दलित समुदायका लागि निशुल्क स्वास्थ्य बीमा कार्यक्रम ब्यबस्था गर्ने ।

ख) गम्भीर तथा दीर्घ रोगको हकमा दलित समुदायका बिरामीलाई बिशेष अनुदानको ब्यबस्था गर्ने

ग) महिला स्वास्थ्य स्वयंसेविका नियुक्ति गर्दा जनसंख्याको अनुपातमा दलित महिला स्वास्थ्य स्वयंसेविका अनिवार्य प्रतिनिधित्व सुनिश्चितता गर्ने ।

## परिच्छेद – ४

## <u>विविध</u>

**१०.<u>समतामुलक नीति अबलम्बनः</u>**

दार्मा गाउँपालिकाले दलितहरुको सामाजिक, आर्थिक, अबस्थामा सुधार ल्याउन समतामा आधारित योजना संचालन गर्ने छाजसका लागि निम्न प्रकृया अबलम्बन गरिनेछ ।

**क) <u>निर्णायक तहमा अर्थपुर्ण सहभागिताः</u>**

दार्मा गाउँपालिका अन्तर्गत हुने बिकास वा सेवासंग सम्बन्धित समिति, उपसमितिहरुमा दलितको अर्थपुर्ण सहभागिता गराईने छ । दलित अधिकारका सवालमा बन्ने समिति, उपसमिति वा समुहमा दलितहरुको नेतृत्व रहने छ ।

**ख) <u>अबसरमा प्राथमिकताः</u>**

दार्मा गाउँपालिकामा संचालन हुने आयमुलक काम,स्वरोजगारमुलक काम वा रोजगारीका अबसरमा दलित समुदायका ब्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।

**ग) <u>सहुलियतपुर्ण मापदण्ड निर्माणः</u>**

आयमुलक, स्वरोजगारमुलक, सिपमुलक कार्यका लागि ब्यक्ति छनोट प्रकृयामा दलित

समुदायका लागि २५ प्रतिशत अनिवार्य सहभागिता गराईने छ।

**घ)** दार्मा गाउँपालिकाले आन्तरिकरुपमा भर्ना गर्ने करार, ज्यालादारी सेवामा कम्तिमा २५ प्रतिशत दलित समुदायका लागि छुट्याईने छ।

**११. <u>आवास र उत्पादनका स्रोतमा पहुँचः</u>**

दार्मागाउँपालिकाले सबै नागरिकहरुको सुरक्षित आवास र जिबीकोपार्जनको बिषयलाईआधारभुत अधिकारको रुपामा लिई ब्यबस्थापन गर्नेछ। दलित हरुको अबस्था झनै दयनीय भएकोले यसलाई निम्न प्रकृया अबलम्बन गरी प्राथमिकताका  साथ कार्यान्वयन गरिनेछ।

**१२. <u>भू–परिबेश अध्ययनः</u>**

दार्मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको परिबेश अध्ययन गरी आवास विहिन र जोखिमपुर्ण आवासमसा रहेका परिवारहरुलाई आवासका लागि उपयुक्त हुने जग्गा,  आवास मर्मत संभार, आवास निर्माणका लागि उपयुक्त बजेट प्रदेश र संघिय सरकारसंग समन्वय गरी ब्यबस्थापन गर्ने।

**१३.<u>दलित समुदायको उत्थान तथा अधिकारको योजनाः</u>**

दार्मा गाउँपालिकाले दलित समुदायको उत्थान तथा अधिकारका लागि समयसापेक्ष योजना निर्माण गरी स्थानिय सरकार, सरोकारवाला र अधिकारग्राही समुदायको संलग्नतामा कार्यान्वयन गर्नेछ।

**१४.<u>जातिय भेदभाब तथा छुवाछुतको अन्त्यः</u>**

दार्मा गाउँपालिकालेजातिय भेदभाब तथा छुवाछुत अन्त्यका लागि स्थानिय तहमा योजना बनाई कार्यान्वयनमा ल्याउनेछ। समुदाय,संघ संस्था, नागरिक समाज, सरोकारवालाहरु, अधिकारकर्मीहरुको  संलग्नतामा कार्यान्वयन गरिने छ।

**१५. <u>विधेयकको व्याख्या गर्ने र बाधा अडकाउ तथा फुकाउने अधिकारः</u>**

यो विधेयक कार्यान्वयनको सिलसिलामा कुनै विधेयकको व्याख्या गर्ने र बाधा अडकाउ तथा फुकाउने अधिकारकार्यपालिकाले गर्न सक्नेछ।

**१६.<u>संसोधन,बचाउ तथा खारेजीः</u>**

यस विधेयकलाई दार्मा गाउँपालिकाले आवश्यक संसोधन,बचाउ तथा खारेजी गर्न सक्नेछ।

**१७.** दार्मा गाउँपालिकाले यो विधेयक लागु हुनभन्दा अघि गरेका दलित लक्षित कार्यक्रमहरु यसै विधेयक बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत